# बैठक नं.१०१

आज मिति २०७८ कार्तिक २८ गते आईतबार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| ९ | सदस्य, का.अध्यक्ष वडा न. ७ | श्री प्रकाश सिंह महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १३ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १४ | सदस्य | श्री राजु मिजार | |
| १५ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १६ | सदस्य | श्री सरस्वती परियार | |
| १७ | सदस्य | श्री सानु मिजार | |
| १८ | सदस्य | श्री सुनीता नकर्मी | |
| १९ | सदस्य | श्री सुमन पोखरेल | |
| २० | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २१ | सचिव | श्री कृष्णप्रसाद सापकोटा | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | सचिवालय | श्री संजिता लामा | |

**निर्णय नं.१**

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगर प्रमुखबाट नगरकार्यपालिकामा पेश भएका तपशिलका कार्यविधिहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

१. कीर्तिपुर नगरपालिका नगर युवा परिषद् कार्यविधि, २०७८
२. कीर्तिपुर नगरपालिका घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७८
३. कीर्तिपुर नगरपालिका व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७८

**निर्णय नं.२**

कीर्तिपुर नगरपालिकाको नगरकार्यपालिकाका विगतको निर्णयहरु कार्यान्वयनको समिक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।साथै कीर्तिपुर नगरपालिकाको सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कार्यको समीक्षा गरी आगामी दिनमा अझै सवल, सक्षम र प्रभावकारी रुपमा उपलब्ध गराउन सबै वडा कार्यालय, विषयगत शाखाहरुलाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

चालु आ.व.२०७८/०७९ को योजना सम्झौता एवं कार्यान्वयन सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम समयावधिमा नै कार्य सम्पन्न गर्नका लागि वडा कार्यालयहरुलाई पुनः ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

नेपालमा प्रजातन्त्र प्राप्तिको लागि गरिएको २०४६ सालको ऐतिहासिक जन आन्दोलनका क्रममा मिति २०४६ चैत्र २० गते गोली लागेर घाईते हुनुभएका कीर्तिपुर नगरपालिका वडा नं.१० निवासी श्री राइमान शाक्यको आन्दोलनका क्रममा खुट्टामा लागेको गोलीका कारण असहय पीडा भई दैनिक जीवन निर्वाह गर्न कठिन भइरहेको, चिकित्सकबाट पुन शल्याक्रीया गर्नुपर्ने परामर्श प्राप्त भएको तर घरको आर्थिक अवस्था कमजोर भएको कारण शल्यक्रिया गर्न रकमको अभाव भएको,हुँदा आर्थिक सहयोग पाउँ भनि निवेदन प्राप्त भएको हुँदा निज श्री राइमान शाक्यको योगदानको उच्च मूल्याँकन गर्दै उपचारका लागि रु. ८,००,०००।- (अक्षरुपी आठ लाख रुपैयाँ मात्र) आगामी नगरसभाबाट अनुमोदन हुने गरी आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५**

मारवाडी सेवा फाउण्डेशनले आम नागरिकलाई मुनाफा रहित, अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य सेवा उपलब्ध गराउन चिकित्सक र कर्मचारी आवासीय भवन, बिरामी कुरुवा भवन, प्रशासकीय भवन, चमेना गृह र योग ध्यान तथा बैदिक चिकित्सा सेवा सहितको ३०० शैयाको Marwadi Multispeciality Hospital स्थापना गर्नको लागि नेपाल सरकारको नाममा कायम रहेको काठमाडौं जिल्ला साविक चोभार भुतखेल गा.वि.स. वडा नं. ३(ग) र ३(ङ) हालको कीर्तिपुर नगरपालिका वडा नं. ६ मा रहेको जग्गामा "सरकारी जग्गा दर्ता तथा लिज सम्बन्धी कार्यनीती, २०७१" बमोजिम लिजमा लिनको लागि नेपाल सरकार समक्ष सिफारिसका लागि दिएको निवेदनका सम्बन्धमा उक्त निकायको माग बमोजिम नेपाल सरकार स्वास्थ्य मन्त्रालय, नेपाल सरकार भूमि

व्यवस्था मन्त्रालय सिंदहरवार, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ र कलङ्की मातपोत कार्यालय काठमाण्डौलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

संघिय सरकारबाट स्थानीय तहहरु मार्फत आगामी आ.व. २०७९/०८० मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्नु भनि सूचना प्रकशन भए पश्चात तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि अनुदान माग गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स | योजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | पाँगा - चारघरे- पाण्डेछाप सडक सुधार योजना | समपुरक अनुदान |
| २ | यँचोः — जनसेवा — दहन- भाजंगल सडक सुधार योजना | समपुरक अनुदान |
| ३ | दहन- चारघरे - पाण्डेछाप सडक सुधार योजना | समपुरक अनुदान |
| ४ | नयाँ बजार खेलमैदान | विशेष अनुदान |

**निर्णय नं.७**

प्रदेश सरकारबाट स्थानीय तहहरुबाट आगामि आ.व. २०७९/०८० मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्नु भनि सूचना प्रकशन भए पश्चात तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि अनुदान माग गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स | योजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | पाँगा - चारघरे- पाण्डेछाप सडक सुधार योजना | समपुरक अनुदान |
| २ | यँचोः — जनसेवा — दहन- भाजंगल सडक सुधार योजना | समपुरक अनुदान |
| ३ | दहन- चारघरे - पाण्डेछाप सडक सुधार योजना | समपुरक अनुदान |
| ४ | नयाँबजार खेलमैदान | विशेष अनुदान |

**निर्णय नं.८**

यस कीर्तिपुर नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण रही नगरपालिकाको प्राथमिकतामा परेका तर न.पा.को स्रोतले मात्र कार्यान्वयन हुन नसकेका नगरस्तरीय तथा वडाबाट सिफारिस भएका तपशिलका योजना

तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन गरिदिन नेपाल सरकार तथा प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | योजना स्थान | कैफियत |
|---|---|---|---|
| १ | झुलपोखरी - सल्यानस्थान - गाम्चा चौर सडक | की.न.पा -४ | |
| २ | ढल्पा चर्च - फयखाः नगर - गाम्चा चौर सडक | की.न.पा - ९ र ४ | |
| ३ | बोसन खोला पर्यापर्यटन सडक | की.न.पा - ६ र ४ | |
| ४ | बाघ भैरव मा.वि - बोसन सडक | की.न.पा - ४ | |
| ५ | छुगाँऊ - अधिकारी गाँऊ सडक | की.न.पा - ५ | |

**निर्णय नं.९**

कीर्तिपुर नगरपालिका अन्तर्गतका वडा नं.२,४,३ र.९ को वडा कार्यालयको प्रशासकीय भवनलाई नगरको पुरातात्विक, साँस्कृतिक तथा ऐतिहासिक पक्ष झल्किने गरी प्रशासकीय भवन लागत सहभागितामा निर्माण गर्नका लागि जिल्ला समन्वय समिति, काठमाडौंलाई आवश्यक बजेट विनियोजनका लागि अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

कीर्तिपुर नगरपालिकामा रहेका सम्पूर्ण बेरुजु फछ्र्यौट सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- कीर्तिपुर नगरपालिकामा कायम भएको हालसम्मको बेरुजु फछ्र्यौट सम्बन्धी कामकाज गर्न राजपत्राङ्कित तृतिय श्रेणी वा सो भन्दा माथिल्लो पदबाट अबकाश प्राप्त निजामति कर्मचारीलाई सेवा परामर्शमा लिई बेरुजु फछ्र्यौटको कामलाई अगाडी बढाउने । निजलाई मासिक रुपमा रा.प.तृतिय श्रेणीले पाउने तलब स्केल बराबरको रकम उपलब्ध गराउने । निजको TOR नगरपालिकाले तोक्ने ।
- बेरुजु देखिएका व्यक्ति,संस्था र निकायलाई फछ्र्यौटका लागि पत्राचार गर्ने ।
- बेरुजु फछ्र्यौटका लागि अपनाउनु पर्ने अन्य उपायहरु क्रमवद्ध रुपमा कार्यालयले सम्पादन गर्दै जाने ।